# दुई तत्व एकाकार भई नयाँ जुनीको जन्म हुन्छ।



प्लस र प्लस, माइनस र माइनस एकसाथ टाँसिँदैनन्। प्लस रमाइनस दुवै मिलेर नै जैविक प्रवाहको सिर्जना हुन्छ। पुरुष र महिला, स्वर्ग र पृथ्वी, चन्द्रमा र सूर्य, पानी र आगो (आद्रता र ऊष्णता) आदि विपरीत तत्त्वहरू एक अर्काको पूरक भई परस्परमा सहयोग गरेपछि मात्र अर्थात् तिनीहरूको समन्वय भएपछि मात्र नयाँ जुनीको जन्म हुन्छ र प्रगति पनि हुन्छ। एक पक्षको प्रयासले केही पनि जन्म हुँदैन। अझ संघर्ष गरी द्वन्द्व उत्पन्न भएमा केही पनि सिद्ध हुँदैन। यो सत्यता श्रीमान श्रीमतीबीचको सम्बन्धमा पनि लागू हुन्छ। यो नै स्वर्गीय सत्यता हो।

आनन्दी जीवन : तेन्टिक्यो

साँगुरो बाटो अपनाउन सजिलो हुन्छ,
विशाल मार्ग अपनाउन कठिन हुन्छ।

(दैवी वाणी, सन् १८९० अप्रिल ६)



गाडी चलाउँदा सहरभित्रा गल्ली जानुभन्दा विशाल मार्ग जान सजिलो होला । तर परमेश्वरले विशाल मार्ग जान कठिन हुन्छ भनी सिकाउनुभयो । किन भने 'साँगुरो बाटो सावधानीपूर्वक जाने भएकाले दुर्घटना हुँदैन। विशाल मार्गमा असावधानीपूर्वक जाने भएकाले दुर्घटना हुन्छ।' सानो गल्लीमा अचानक बालबालिका वा साइकल निस्किन पनि सक्छन्। त्यसैले अति होसईयारी साथ जाने गरिन्छ। 'साँगुरो बाटो मनको बाटो' भनेर पनि सिकाइएको छ। त्यसको विपरीत विशाल मार्गमा गाडी चलाउँदा निद्रा लागेर निदाउन सक्छ।

https://www.tenrikyo.or.jp/nep/